# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (७), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, कार्तिक १ गते, २०८० साल, सङ्ख्या ७**

## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, निर्देशिका र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति- २०८०/०६/३० गते

**प्रस्तावना:** सूर्योदय सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०** हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले " सूर्योदय नगरपालिकाको सुपथ मूल्यका सहकारी पसल सञ्चालन कार्यविधि, २०७६ "लाई जनाउनेछ ।

**३. मूल कार्यविधिको दफा ३ को खण्ड (क) पछि देहाय बमोजिमको खण्ड (क१) थप गरिएको छ ।**

(क१) अनुदान रकम उपलब्ध गराएका सहकारी संस्थाले अनुदान रकमको कम्तीमा २० (बीस) प्रतिशत रकम जम्मा गरी बाँकी रकम फिर्ता गर्ने समयावधि थप गर्नको लागि निवेदन दिएमा नगर कार्यपालिकाले निर्णय गरी एक पटकको लागि बढीमा एक वर्षसम्म समयावधि थप गर्न सक्नेछ ।

**सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मिति-२०८०।०६।३० गते

सूर्योदय नगरपालिकाको सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०८०** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४"लाई जनाउनेछ।

**३. मूल कार्यविधिको दफा ३ पछि देहाय बमोजिमको दफा ३क. थप गरिएको छ।**

३क. (१) निर्माण व्यवसायी सेवा फर्म/कम्पनी दर्ता भएको निकायबाट अन्य कसैको नाममा नामसारी भई देहायका कागजात सहित निवेदन पेश हुन आएमा नगरपालिकाले इजाजतपत्र नामसारी गरिदिन सक्नेछ।

(क) निर्माण व्यवसाय फर्म/कम्पनी नामसारी भइ गएको सम्बन्धित निकायको पत्र।

(ख) नामसारी गरी लिने दिने व्यक्तिको संयुक्त निवेदन।

(ग) नामसारी गरी लिने व्यक्तिको ना.प्र. पत्रको प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो।

(घ) राजस्व रकम बुझाएको रसिद।

आज्ञाले

मिलन भट्टराई

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत